# बागचौर नगरपालिकाको विनियोजन ऐन २०७६

**बागचौर नगरपालिकाको आर्थिक बर्ष २०७६/७७को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७६।०३।३१

**प्रस्तावना:**बागचौर नगरपालिकाको आर्थिक बर्ष २०७६।७७को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीयभएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिमबागचौर नगरपालिकाको पाँचौंनगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः**

(१)यस ऐनको नाम“बागचौर नगरपालिकाको विनियोजन ऐन “२०७६” रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६। ०७७को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**ः (१)आर्थिकवर्ष २०७६।७७को निमित्तनगरकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लेखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५०,३४,२५,०००। (अक्षेरुपीपचास करोड चौतीस लाखपच्चिस हजार मात्र) मानबढाई निर्दिष्टगरिए बमोजिम सञ्चितकोषबाटखर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u> (१)** यस ऐनद्धारा सञ्चितकोषबाटखर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७६।७७को निमित्तबागचौर नगरपालिकाकोनगरकार्यपालिका,वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका,वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगरकार्यपालिकाले बचत हुने शीर्षकबाटनपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाटसो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दाबढीशीर्षकहरुबाटअर्को एक वा एक भन्दाबढीशीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाटअर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाटसो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दाबढीशीर्षकहरुमा रकम सार्न परेमानगर सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाटविनियोजन हुने रकम

रु. हजारमा

| | क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | १ | | नगरकार्यपालिका | ९,७१,९८,००० | १४,२१,५२,००० | - | २३,९३,५०,००० |
| | २ | | वडा समिति | ० | ४,६७,७५,००० | - | ४,६७,७५,००० |
| | ३ | | बिषयगतशाखा(सशर्त) | २१,७३,००,००० | - | - | २१,७३,००,००० |
| | ४ | | ऋणको सावाव्याजभुक्तानी | - | - | - | - |
| | ५ | | लगानी (शेयर/ऋण) | - | - | - | — |
| जम्मा | | | | ३१,४४,९८,००० | १८,८९,२७,००० | - | ५०,३४,२५,००० |